चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल
२०७३

मिति :- २०८०/११/३० गते

समय :- बिहान ठीक १०:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको २९ औं बैठक नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम.ज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | [signature] |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | [signature] |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | [signature] |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | [signature] |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | [signature] |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | [signature] |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | [signature] |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | [signature] |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | [signature] |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | [signature] |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | [signature] |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | [signature] |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | [signature] |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | [signature] |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | [signature] |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | [signature] |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | [signature] |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | [signature] |
| २५ | शेरप्रसाद ढकाल | सचिव | [signature] |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल
२०७३

## मिति २०८०/११/३० गतेको नगर कार्यपालिकाको २९ औं बैठकमा पेस भएका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव । | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने । | |
| २ | आर्थिक वर्ष २०८१/०८२ को लागि कर्णाली प्रदेश समपुरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना / कार्यक्रम छनोट गर्ने सम्बन्धी प्रस्ताव । | आर्थिक वर्ष २०८१/०८२ का लागि कर्णाली प्रदेश समपूरक अनुदानको लागि ५० प्रतिशत रकम नगरपालिकाले व्यहोर्न र विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना / कार्यक्रम कार्यान्वयनका लागि तोकिएको सर्तसमेतको आधारमा आयोजनाहरू छनोट गरी सम्बन्धित निकायमा प्रस्ताव पेस गर्ने । | |
| ३ | मृगौला प्रत्यारोपण, डायलाइसिस, क्यान्सर र मेरुदण्ड पक्षाघातका विरामीलाई औषधी उपचार खर्च सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिका अन्तर्गतका मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड, पक्षघातका बिरामीहरूलाई सोको कार्यविधिमा उल्लेख भएबमोजिम औषधी उपचार वापतको खर्च उपलब्ध गराउने । | |
| ४ | स्थानीय बाल अधिकार समिति गठन गर्ने सम्बन्धी प्रस्ताव । | बालबालिकाको हक अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्यविधी, २०८० को दफा ३ (१) बमोजिमको स्थानीय बाल अधिकार समिति गठन गर्ने । | |
| ५ | निष्क्रिय सहकारी खारेज गर्ने सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिकाको सहकारी ऐन २०७४ को दफा ५२ को उपदफा (१) बमोजिमको विवरणसहितको प्रतिवेदन सहकारी संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र दर्ता गर्ने अधिकारी समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । सोहीअनुसार लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्क्रिय रहेका सहकारी संस्थाहरूको दर्ता खारेज गर्ने । | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल
२०७३

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| ६ | आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन समीक्षा सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९ बमोजिम नगरपालिकाबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षताको पूर्ण ढङ्गबाट सम्पादन गर्ने, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न निर्माण गरिएको निर्देशिका बमोजिम कार्यान्वयन भए / नभएको सम्बन्धमा गर्ने । | |
| ७ | विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव । | १. प्रधानमन्त्री कृषि आधुनिकिकरण साना व्यवसायीक कृषि उत्पादन केन्द्र (बाख्रा) पकेट निरन्तरता कार्यक्रम र ५० प्रतिशत अनुदानमा विद्युतिय च्याफ कटर लगायत पशु सेवा केन्द्रको लागि आवश्यक उपकरण खरिद सम्बन्धमा आर्थिक विकास शाखामार्फत सञ्चालन हुने कार्यक्रम कार्यान्वयनको लागि आर्थिक विकास समितिको निर्णय अनुमोदन गर्ने । | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

ईश्वरीकुमारी शर्मा बि.एम.
नगर उप-प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल
२०७३

## मिति २०८०/११/३० गतेको २९ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू

**निर्णय नं. १** : प्रस्ताव नं. १ **'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो। साथै यस अधिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'आर्थिक वर्ष २०८१/०८२ को लागि कर्णाली प्रदेश समपुरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना / कार्यक्रम छनोट गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेतको स्थानीय तहले प्रदेश समपुरक तथा विशेष अनुदानका लागि प्रस्ताव पेस गर्न मिति २०८० फागुन ४ गते प्रकाशन गरेको सूचनाबमोजिम आर्थिक वर्ष २०८१/०८२ का लागि कर्णाली प्रदेश समपूरक अनुदानको लागि ५० प्रतिशत रकम नगरपालिकाले व्यहोर्न र विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना / कार्यक्रम कार्यान्वयनका लागि तोकिएको सर्तसमेतको आधारमा **अनुसूची-१** बमोजिमका आयोजनाहरू छनोट गरी सम्बन्धित निकायमा प्रस्ताव पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ **'मृगौला प्रत्यारोपण, डायलाइसिस, क्यान्सर र मेरुदण्ड पक्षाघातका विरामीलाई औषधी उपचार खर्च सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका अन्तर्गतका मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड, पक्षघातका बिरामीहरूलाई सोको कार्यविधिमा उल्लेख भएबमोजिम औषधी उपचार वापतको खर्च उपलब्ध गराउन यस अधि निर्णय भइसकेकाहरूको निरन्तरता हुने गरी २०८० पुस २५ गतेदेखि हालसम्म निवेदन पेस गरेका **अनुसूची-२** मा उल्लेखित नयाँ लाभग्राहीहरूको विवरण अनुसार कार्यविधिबमोजिम लाभग्राहीहरूले यस चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेस गरी दर्ता भएको मितिदेखि लागू हुने गरी उपचार खर्च वापतको रकम शोधभर्ना हुने गरी प्रकोप व्यवस्थापन कोषको रकमबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ **'स्थानीय बाल अधिकार समिति गठन गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा बालबालिकाको हक अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्यविधी, २०८० को दफा ३ (१) बमोजिमको स्थानीय बाल अधिकार समितिमा तोकिएका पदेन सदस्यहरू बाहेक अन्य सदस्यहरू तपसिलअनुसार मनोनित गरी पुन:र्गठन गर्ने निर्णय गरियो।

**<u>तपसिल :</u>**

३.१ (छ) : सामुदायिक विद्यालयको प्र.अ.हरूमध्येबाट : श्री भीमबहादुर ओली

३.१ (ज) : बालबालिकाको क्षेत्रमा कार्यरत गै.स.स.मध्येबाट : श्री सन्देश जैसी

३.१ (ञ) : पालिका बाल संजालबाट एक जना बालक र एक जना बालिका मध्येबाट : श्री प्रज्वल शर्मा र श्री सिर्जना रोका

३.१ (ट) : महिला स्वयमसेविकाहरू मध्येबाट : श्री विमला विष्ट बुढाथोकी

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ **'निष्क्रिय सहकारी खारेज गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको सहकारी ऐन २०७४ को दफा ५२ को उपदफा (१) बमोजिमको विवरणसहितको प्रतिवेदन सहकारी संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र दर्ता गर्ने अधिकारी समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। दफा ६६ को उपदफा ३ बमोजिम दर्ता अधिकारीले सहकारी संस्थाले लगतार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्क्रिय रहेको पाइएकोले उपदफा ४ बमोजिम त्यस्तो संस्थालाई सुनुवाइको लागि १५ दिनको सूचना प्रकाशन गरिएकोमा कुनैपनि सहकारी संस्थाहरूले तोकिएको मितिभित्र सफाइ पेस नगरेकोले **अनुसूची-३** मा उल्लेखित सहकारी संस्थाहरूको दर्ता खारेज गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ **'आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन समीक्षा सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९ बमोजिम नगरपालिकाबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षताको पूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न निर्माण गरिएको निर्देशिका बमोजिम कार्यान्वयन भए / नभएको सम्बन्धमा समीक्षा गरियो। आगामी दिनमा उक्त निर्देशिकाको पूर्ण रूपमा पालना गरी नगरपालिकाबाट सम्पादन गरिने कार्य कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ **'विविध समसामायिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा प्रधानमन्त्री कृषि आधुनिकिकरण साना व्यवसायीक कृषि उत्पादन केन्द्र (बाख्रा) पकेट निरन्तरता कार्यक्रम र ५० प्रतिशत अनुदानमा विद्युतिय च्याफ कटर लगायत पशु सेवा केन्द्रको लागि आवश्यक उपकरण खरिद सम्बन्धमा आर्थिक विकास शाखामार्फत सञ्चालन हुने कार्यक्रम कार्यान्वयनको लागि आर्थिक विकास समितिको मिति २०८० फागुन १७ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**यसरी आजको बैठक शान्त एवम् सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**

ईश्वरीकुमारी शर्मा बि.एम.
नगर उप-प्रमुख

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल २०७३

अनुसूची - १

(निर्णय नं. २ सँग सम्बन्धित)

**आर्थिक वर्ष २०८१/०८२ को लागि कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने समपूरक तथा विशेष अनुदान तर्फ छनौट गरिएका आयोजनाहरुको विवरण**

**(क) समपूरक अनुदान तर्फ**

| प्राथमिकता क्रम नं. | आयोजनाको विवरण | आयोजना कार्यान्वयन हुने स्थान | लागत अनुमान रु. | कैफियत |
|---|---|---|---|---|
| १ | शान्ति बजार घर्तिकाँडा खागल सडक स्तरोन्नती | चौरजहारी नगरपालिका-६, रुकुम (पश्चिम) | १ करोड | |
| २ | ८ नं. वडा कार्यालय भवन निर्माण | चौरजहारी नगरपालिका-८, रुकुम (पश्चिम) | १ करोड | |

**(ख) विशेष अनुदान तर्फ**

| प्राथमिकता क्रम नं. | आयोजनाको विवरण | आयोजना कार्यान्वयन हुने स्थान | लागत अनुमान रु. | कैफियत |
|---|---|---|---|---|
| १ | दलित/महिला आयआर्जन कार्यक्रम | चौरजहारी नगरपालिका, रुकुम (पश्चिम) | ६० लाख | |
| २ | विजयश्वरी स्वास्थ्य चौकी घेरबार | चौरजहारी नगरपालिका-५, रुकुम (पश्चिम) | ६० लाख | |
| ३ | जनकल्यान आ.वि. रातामाटा भवन निर्माण | चौरजहारी नगरपालिका-१४, रुकुम (पश्चिम) | ६० लाख | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

ईश्वरीकुमारी शर्मा बि.एम.
नगर उप-प्रमुख

अनुसूची - २
(निर्णय नं. ३ सँग सम्बन्धित)

**आर्थिक वर्ष २०८०/०८१ को लागि मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ अनुसार नयाँ निबेदन पेश गरेका लाभग्राहीहरुको विवरण**

| सि.नं. | लाभग्राहीको नाम/उमेर/लिङ्ग | राष्ट्रिय परिचय पत्र नं./नागरिकता प्रामाण पत्र नं./जन्म दर्ता प्रमाण पत्र नं. | वडा नं. | २०८० साल पौष सम्म | |
|---|---|---|---|---|---|
| | | | | लक्षित समुह | भुक्तानी शुरु हुने महिना |
| **नविकरण गर्नुपर्ने लाभग्राहीहरूको विवरण** | | | | | |
| १ | टेकबहादुर गिरी | ४६२२ | चौरजहारी न.पा.-१, रुकुम (पश्चिम) | क्यान्सर रोग | २०८० चैत्र |
| २ | विरमी खत्री | ३६७०/१९१७ | चौरजहारी न.पा.-१२, रुकुम (पश्चिम) | क्यान्सर रोग | २०८० चैत्र |
| ३ | जयन्ता बुढा | ५६३०३०/३१० | चौरजहारी न.पा.-८, रुकुम (पश्चिम) | क्यान्सर रोग | २०८० चैत्र |
| ४ | प्रविन पुन | ५६-०१-७२-०३२७० | चौरजहारी न.पा.-१०, रुकुम (पश्चिम) | मेरुदण्ड पक्षघात | २०८० चैत्र |
| ५ | चुडामणी पोखरेल | १२३९-४४४ | चौरजहारी न.पा.-३, रुकुम (पश्चिम) | क्यान्सर रोग | २०८१ चैत्र |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

[?]रीकुमारी शर्मा बि.एम.
नगर उप-प्रमुख

## अनुसूची - ३

(निर्णय नं. ५ सँग सम्बन्धित)

### दर्ता खारेज गर्नुपर्ने सहकारी संस्थाहरूको विवरण

| क्र.सं. | सहकारी संस्थाको नाम | ठेगाना | दर्ता नं. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री विजयस्वरी उपभोक्ता सहकारी संस्था लि. | चौरजहारी नगरपालिका , रूकुम | ९९५ | |
| २ | श्री कोटजहारी उपभोक्ता सहकारी संस्था लि. | चौरजहारी नगरपालिका , रूकुम | १३/०६५/०६६ (रूकुम) | |
| ३ | श्री जनआस्था उपभोक्ता सहकारी संस्था लि. | चौरजहारी नगरपालिका-१४ | २१/०६५/०६६ (रूकुम) | |
| ४ | श्री चौरजहारी श्रमिक सहकारी संस्था लि. | चौरजहारी नगरपालिका-१ | १ | |
| ५ | श्री जनमुखी श्रमिक सहकारी संस्था लि. | चौरजहारी नगरपालिका-३ | २ | |
| ६ | श्री त्रिवेणी श्रमिक सहकारी संस्था लि. | चौरजहारी नगरपालिका-२ | ३ | |
| ७ | श्री नमुना प्रगतिशील श्रमिक सहकारी संस्था लि. | चौरजहारी नगरपालिका-१० | ४ | |
| ८ | श्री मालिका श्रमिक सहकारी संस्था लि. | चौरजहारी नगरपालिका-६ | ५ | |
| ९ | श्री शान्तस्मृति श्रमिक सहकारी संस्था लि. | चौरजहारी नगरपालिका-५ | ६ | |
| १० | श्री मालिका श्रमिक सहकारी संस्था लि. | चौरजहारी नगरपालिका-४ | ७ | |
| ११ | श्री लेखाली श्रमिक सहकारी संस्था लि. | चौरजहारी नगरपालिका-१२ | ८ | |
| १२ | श्री गडी श्रमिक सहकारी संस्था लि. | चौरजहारी नगरपालिका-९ | ९ | |
| १३ | श्री जनआस्था श्रमिक सहकारी संस्था लि. | चौरजहारी नगरपालिका-१४ | १० | |
| १४ | श्री प्रेम श्रमिक सहकारी संस्था लि. | चौरजहारी नगरपालिका-८ | ११ | |
| १५ | श्री प्रगतिशील श्रमिक सहकारी संस्था लि. | चौरजहारी नगरपालिका-७ | १२ | |
| १६ | श्री जन सहभागिता श्रमिक सहकारी संस्था लि. | चौरजहारी नगरपालिका-१३ | १४ | |
| १७ | श्री नुवाकोट कृषि सहकारी संस्था ली. | चौरजहारी वडा नं १४ रूकुम | ९७१ | |
| १८ | श्री शसक्तिकरण कृषि सहकारी संस्था लि. | चौरजहारी नगरपालिका-३ | १३ | |
| १९ | श्री भेरी किनार बहुउद्देश्यीय कृषि सहकारी संस्था लि. | चौरजहारी नगरपालिका-१ | १७ | |
| २० | श्री नमुना विजयश्वरी किसान दुग्ध उत्पादक सहकारी संस्था लि. | चौरजहारी नगरपालिका , रूकुम | २४२ | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

ईश्वरीकुमारी शर्मा बि.एम.
नगर उप-प्रमुख